# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड १ ] काठमाडौं माघ १४ गते ०८ साल [ संख्या २५

बखत बखतमा प्रकाश हुने गजेटमा छापिने विषयहरू देहायको क्रमले रहनेछन् । तर यसमा हप्ता हप्तामा जुन जुन विषय प्रकाशित हुने ठहर्दछन्, तिनै तिनै विषयहरू छापिनेछन् ।

भाग १ ( क ) सरकारी घोषणा, इश्तिहार इत्यादि ।

( ख ) खारेजी र नयाँ ऐन, सार्वभौम सवाल, सनद इत्यादि।

( ग ) सरकारद्वारा नियोजित कुनै कमेटी वा कमिशनको रिपोट इत्यादि ।

( घ ) नयाँ भर्ना, सरुवा, बढुवा इत्यादि ।

( ङ ) कायममुकायम तैनाथी इत्यादि ।

( च ) न्यायालयको विज्ञप्ति इत्यादि ।

( छ ) जेल, पुलीस आदिको विज्ञप्ति इत्यादि ।

( ज ) साधारण सूचना, उर्दी इत्यादि ।

( झ ) जन्म मरणको संख्या ।

( ञ ) हल्लाको खण्डन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

( ट ) अफिसरहरूको बिदा।

( ठ ) श्री ५ र मन्त्रीहरूको यात्रा, शुभेच्छा मण्डल आदिको कार्यक्रम।

( ड ) पब्लिक सर्भिसकमिशनको सूचना।

( ढ ) इलेक्सन कमिशनको सूचना।

भाग २ ( क ) अर्थविभागसम्बन्धी विज्ञप्ति।

( ख ) सरकारी ब्याङ्क, मुलुकीखाना, कौशी आदिको प्रकाशित, प्रचलित, मुद्रा, नोट र तत्सम्बन्धी सूचनासमेत।

भाग ३ ( क ) उद्योग वाणिज्यसम्बन्धी सरकारी विज्ञापन इत्यादि।

( ख ) नियन्त्रित बजारभाउ, मुद्राविनिमय इत्यादि।

भाग ४ ( क ) खाद्य कृषिसम्बन्धी सूचना इत्यादि।

( ख ) याम, हावा, पानी र बालीनालीको सूचना इत्यादि।

भाग ५ ( क ) शिक्षासम्बन्धी सूचना।

( ख ) शिक्षाविभागको परीक्षाफल।

भाग ६ ( क ) स्वायत्त शासनसम्बन्धी प्रबन्ध, सूचना इत्यादि।

( ख ) नगरपञ्चायत।

( ग ) ग्रामपञ्चायत।

भाग ७ ( क ) स्वास्थ्यसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि।

( ख ) रोगग्रस्त भई मर्नेको संख्या।

भाग ८ वनविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि।

भाग ९ साधारण राज्यव्यवस्था र परराष्ट्रविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि।

भाग १० रक्षाविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि।

भाग ११ यातायातविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि।

भाग १२ ( क ) संसद्--सम्बन्धी सूचना, विज्ञप्ति इत्यादि।

( ख ) निर्वाचन-सम्बन्धी सूचना, विज्ञप्ति इत्यादि।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## भाग १

## हाम्रा प्यारा प्रजा,

माघ ९ गते बुधवारका दिन डा. के. आई. सिंहले रक्षादलको केही जवानहरूको सशस्त्र मद्दतले सिंहदरबारको नजरबन्दीबाट छुटेर सरकारी काममा दखल दिने चेष्टाले काठमडौंमा गडबड पैदा गरे। बन्दीगृहबाट जबर्जस्ती गैर कानूनी तरीकाले उनले बन्दीहरूलाई मुक्त गरे र मुलुकीखाना, बैंक, बारुदखाना, तोपखाना इत्यादिमा कब्जा गर्ने कोशिश गरे।

तर राजभक्त सेनाका प्रयत्नले उनको सबै कोशिश व्यर्थ भयो। सबै बागीहरु पक्रिए र राज्यव्यवस्था पूर्णरूपले पहिले जस्तै स्थापित भैसकेको छ। केवल डा. के. आई. सिंह केही साथीहरुका साथ भागेका छन्। सरकारी फौजले उनको पीछा गरिरहेछ र चाँडै नै पक्रला भन्ने आशा छ।

जनतन्त्र राज्यमा वैधानिक तरीकाले सरकारको विरोध हुन सक्तछ। किन्तु सशस्त्र आन्दोलन अथवा हिंसात्मक प्रयत्न अवश्य नै देशका निमित्त हानिकारक हुन्छ र कुनै पनि सरकारले हिंसावादी कार्यलाई स्वीकृति दिन सक्तैन। खास किसिमले राज्यका सेना अथवा पुलीस या अन्य सशस्त्र कर्मचारीहरुलाई भडकाउने या उचाल्ने या उनीहरूद्वारा विद्रोह गराउने कुरा ता कहिले पनि कुनै देशका कुनै प्रकारका सरकारलाई पनि सह्य हुन सक्तैन। जुन मानिस यस तरहको प्रयत्न गर्दछन्, तिनीहरू बागी र देशद्रोही नै हुन् र देशको विधान र कानूनअनुसार ती व्यक्तिहरू कडासे कडा सजाँयका भागी छन्।

यसकारण डा. के. आई. सिंह तथा उनका साथीहरु देशद्रोही हुन् र जो कोई मानिस उनको साथ दिनेछन्, ती पनि देशद्रोही नै हुनेछन्। राजभक्त र देशवासी प्रजासँग आशा गरिन्छ कि डा. के. आई. सिंह र उनका साथीहरूलाई पक्रनमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मदत दिनेछन् र उनीहरूलाई कुनै तरहको सहायताको सुविधा पुग्न देओइनन् ।

सबै जागीरदार, सेना, पुलीस, रक्षादल अथवा अरू सरकारी कर्मचारीहरूसँग पूर्ण आशा छ कि उनीहरू आफ्नो आफ्नो स्थानमा पूर्ण उत्तरदायित्व र नेकनीयतले काम गरिरहने छन् ।

माघ १० । २००८ श्री ५ महाराजाधिराजको हुकुमले.

## शाही घोषणा

कुनै व्यक्तिहरूले आज गरेको ऐनकानुन बर्खिलाप कारबाईले गर्दा मुलुकमा संकटकालीन अवस्था घोषणा गरियो र श्री ५ महाराजाधिराजको हुकुमले मा. प्र. मन्त्रीले मं. मं. र शासनको पूरा अभिभारा ग्रहण गर्नुभएको छ ।

देशवासीहरू सबैले बिलकुल शान्त रही देशमा शान्ति सुव्यवस्था ल्याउन सरकारलाई पूरा सहयोग गर्नेछन् भन्ने आशा गरिएको छ ।

## श्री ५ महाराजाधिराजको वक्तव्य

श्री ५ महाराजाधिराजबाट सबै जंगी जवान, निजामती जागीरदार र अरू सबै प्रजाहरूलाई बक्सिएको वक्तव्य यस्तो छ । —

आज अनुचित प्रयास गरेर शान्तिमा कसैले खलल पारेका छन् र प्रजातन्त्रमा वैधानिक तथा न्यायोचित तरीकाबाट गरिने कुराहरू हातमा कानुन लिई मनपरी गर्नु न्यायसंगत कुरा होइन । सरकार पूरा तवरले सचेत छ र अनुचित उपद्रवहरूलाई शान्त गर्न सचेष्ट छ । सबै जनाको कर्तव्य आज मुलुकमा खून-खराबीबाट बचाउनु हो । कसैले पनि हडबडाउने र चिन्ता लिने काम पनि छैन । सबैले शान्ति कायम राखी सरकारलाई चाहिएको सहयोग दिउन् तथा आफ्ना काममा दृढतापूर्वक व्यस्त रहुन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# गृहविभागको विज्ञप्ति

## केही देशद्रोहीहरूको घातक कुचेष्टा

०८।१०।१०

अस्ति माघ ८ गतेको राती ११।३० बजेमा रक्षादलका केही जवानहरूले डा. के. आई. सिंहसँग मिली डाक्टरलाई बन्दीघरबाट मुक्त गराई शहरको केही भागको बिजुली बन्द गरी रक्षादलमा विद्रोह गर्ने कोशिश गरे। डा.के.आई. सिंहले मुक्त हुनासाथ स्थानीय जेलमा गई सबै कैदीहरूलाई छोडी सिंहदरवार फर्केर कब्जा गरे। सिंहदरवारमा रक्षादल बृगेडमा रहेका हाथ-हतियारको सहारा लिई तोपखाना ; गढ्ढाघर कब्जा गर्ने प्रयास गरे। उता सबै मन्त्रीहरूले खबर पाएपछि राती नै श्री ५ महाराजाधिराजको बुलाहटमा नारायणहिटी दरवारमा गई यो विद्रोह दमनको प्रयास गर्नुभयो। अन्दाजी ११ बजे दिउसोदेखि सरकारबाट तोपखाना, गढ्ढाघर, आकाशवाणी, टेलिफोनहरू आफ्ना कब्जामा गरेपछि सिंहदरवारतर्फ कब्जा गर्न बढे, के. आई. सिंह भागेको सुराक लाग्यो। के. आई. सिंह अलिकति रक्षादलका भाँडिएका जवानहरूलाई लिएर वागमतीको बाटो गरी दहचोकतिर बढेको खबर पाएपछि राष्ट्रिय सेना पीछा गर्दै गएको र जेलबाट मुक्त भई भागी यो विद्रोह मचाउने मुख्य अग्निप्रसाद खरेल र टेकबहादुर मल्ल पकडिए।

× × ×

हिजो रक्षादलका जवानले गोलमाल गरी हाथहथियारहरूसमेत जथाभावी फ्याँकिदिएको हुँदा सो र अरू लाइसेन्स नभएको समेत हातहतियारहरू कसैले ल्याई राखेको र ली हिंडेको समेत देखेजाने, बुझे, थाहा पाएसम्म स. पु. गो. मा तुरुन्त जाहेर गर्नुहोला। जाहेर नगरी दबाएको प्रकाश हुन आएमा सख्त कारवाई हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ९३०

यही माघ ८ गतेको रातमा सदर जेलखाना र खोरबरहरूबाट निस्केका कैदी थुनुवाहरूलाई सूचित गरिन्छ कि तिमीहरू बाटोको म्यादबाहेक ३ दिनभित्र आफू निस्केको ठाउँमा हाजिर हुन आएनौ भने आफैं भागेको ठहरी ऐनबमोजिम सजाय पाउनेछौ ।

## राहदानी, सभा र जुलूसमा प्रतिबन्ध

०८।१०।१०

आजदेखि ३ दिनसम्म राहदानीबाट बाहिर जाने मानिसहरूलाई साधारणतया राहदानी दिइनेछैन। अत्यावश्यक कामका निम्ति कसैलाई राहदानी चाहिएमा माननीय गृहमन्त्रीकै अफिसबाट लिनुपर्दछ ।

आफ्नु विधि व्यवहार सनातन चलिआएको कामबाहेक कसैले अरू कुनै किसिमको प्रोसेशन, सभा मिटिङ गर्न जुलुस निकाल्न आजका मितिले ३ दिनसम्म गर्न पाइँदैन । माथि लेखिएबमोजिम कसैले प्रोसेशन सभा मिटिङ गर्न परेमा श्रीगृहमन्त्रीजीको आदेश लिनुपर्दछ ।

०८।१०।११।५

माथिल्ला दर्जाका पुलीस अफिसरको तालिमीको निमित्त उम्मेदवारहरूको आवेदनपत्रहरू चाहिएका छन् । २० देखि २५ वर्षसम्मका निरोगी कमसेकम म्याट्रीकुलेशन पास गरेका उम्मेदवारहरूले आजको एक महीनाभित्र पुग्ने गरी सेक्रेटरी गृहमन्त्रालय सिंहदरवार छेउ आवेदनपत्रहरू बाहिर खाममा पुलीस अफिसरको तालिम भन्ने समेत लेखी हुलाकद्वारा आवेदनपत्रहरू पठाउनुहोला । उपरोक्त योग्यता हुनुभएकाले गृहमन्त्रालयमा र पुलीसविभागमा अगावै दर्खास्त दिसक्नुभएको भए फेरि दर्खास्त दिनुपर्दैन । आवेदनवालाहरूसँगको भेटलाई तार, टेलिफोन तथा आकाशवाणीद्वारा सूचित गरिनेछ ।

सेक्रेटरी—गृहमन्त्रालय

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

१३८-B
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडा माघ १४ गते ०८ साल

## भाग २

## अर्थमन्त्रालयको सूचना

०८।१०।६

माल गुठी, बजार भंसार, ठेक्का रकम बन्दोबस्तसमेतको निकासापुकासाको काम नेपाल, पहाड, मध्येश रिपोर्ट निक्सारीहरूद्वारा भैजाने गरी आएकोमा माल गुठीतर्फको काम र सो अड्डाहरु भूमिव्यवस्था विभागमा गएको हुँदा मध्येशतर्फको ठेक्का रकम बन्दोबस्त गर्न सदरमा टाँस बढाबढी गर्नुपर्नेमा रकम बन्दोबस्तबाट गरी ठेक्का रकमको निकासापुकासा गराउनालाई चाहिने रीत पुऱ्याई रिपोर्ट तोक जो गर्नुपर्ने रकम बन्दोबस्तले नै आयकर र ठेक्काविभागमा गर्ने र सोबाहेक सो निक्सारी अड्डाहरुले अर्थमन्त्रालय आयकर र ठेक्काविभागमार्फत निकासापुकासा लिनेगरी आएको बजारे भंसार, ठेक्का रकम बन्दोबस्तको काम्म रकम बन्दोबस्त, भंसार गोस्वाराद्वारा आउने भै रहे-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।